# शैक्षिक सिर्जना

अंग्रेजी/नेपाली शैक्षिक द्वैमासिक



वर्ष : १२ अङ्क : ८९ पुष/माघ २०७९

# हार्दिक बधाई तथा शुभकामना



**प्रमुख सेनानी किसोर अधिकारी**
प्रमुख व्यवस्थापकीय अधिकृत

यस महाविद्यालयमा प्रमुख व्यवस्थापकीय अधिकृतका
रुपमा नियुक्त भई कार्यभार सम्हाल्न आउनुभएका
यस पत्रिकाका सल्लाहकार
**प्रमुख सेनानी किसोर अधिकारी**ज्यूलाई
हार्दिक बधाई एवं उत्तरोत्तर प्रगतिको शुभकामना
व्यक्त गर्दछौँ ।

**महाविद्यालय परिवार**
**सैनिक आवासीय महाविद्यालय**
**पोखरा ।**

*जि.प्रशा.का. कास्की द.नं. : २५८/०६७*

*वर्ष : १२* *अंक : ८९* पुष/माघ, २०७९

## संरक्षक

राजेन्द्र कुमार लाखे
प्राचार्य, सै.आ.म.वि., पोखरा

## सल्लाहकार

प्रमुख सेनानी किसोर अधिकारी
प्रमुख व्यवस्थापकीय अधिकृत, सै.आ.म.वि. पोखरा

भाइस–प्रिन्सिपल
टि.जी.टी. जयराम कायस्थ

**प्रधान सम्पादक** :
टि.जी.टी. डा. टीकाराम आचार्य

**सम्पादक** :

पी.जी.टी. श्री होमप्रसाद पाराजुली
जी.टी.'ए' श्री अरूणकुमार शर्मा
जी.टी.'ए' श्री भोलाभद्र वाग्ले
जी.टी.'ए' श्रीमती अञ्जु भण्डारी
जी.टी.'ए' श्री देवराज तिवारी
जी.टी. श्रीमती मुना पन्थ

**प्रशिक्षार्थी सम्पादक** :
नमन रावल, तेजस्वी सापकोटा, अनु कुइँकेल, अभिलेख श्रेष्ठ, समुद्र पोखरेल, आयुष्मा पन्थी, रियान श्रेष्ठ, प्रभुराम बस्न्यात, सलिना प्रधान, संसार क्षेत्री, रोहित बस्याल, बोधराज काफ्ले

लोगो डिजाइन : धिरेनविक्रम अधिकारी
कभर डिजाइन :
कम्प्युटर सेटिङ्ग : भगवती श्रेष्ठ
कम्प्युटर टाइप : दिक्षा लिम्बु
मुद्रण : पोखरा सेन्टर प्रेस
ठेगाना : शैक्षिक सिर्जना
सैनिक आवासीय महाविद्यालय, पोखरा
फोन नं. : ०६१-५७७७४५, ५७७७४६
Email : srijana.patrika@gmail.com
Website : www.sampokhara.edu.np

प्रकाशक © : सैनिक आवासीय महाविद्यालय, पोखरा

## सम्पादकीय ..................................

# असल शिक्षक

महाभारतका अनुसार भगवान श्रीकृष्णका एक परिश्रमी विद्यार्थी अर्जुन थिए । अर्जुनजस्ता जिज्ञासु र मिहिनेती शिष्य पाएर नै श्रीकृष्णले 'गीता' जस्तो दिव्योपदेश दिएर दार्शनिकहरुलाई चकित पारेका थिए । त्यस्तै नेपोलियन बोनापार्ट, अब्राहम लिंकन लगायत शिष्यहरुले आँफू बाँचेको युगको कुशन नेतृत्व गरे । संसारका हरेक नेतृत्वकर्ता कुनै न कुनै दिनमा अवश्य पनि विद्यार्थी नै थिए । त्यसकारण त्यस्ता युगलाई नै नेतृत्व गर्न सक्ने सबैका लागि वन्दनीय व्यक्तित्व निर्माण गर्ने शिक्षक पनि त्यत्तिकै वन्दनीय र स्तुत्य छन् ।

असल शिक्षक अत्यन्त गतिशील हुन्छन् । उनले प्रभावकारी रूपमा शिक्षण मात्र गर्दैनन् जटिल विश्व समाजका समस्यासँग जुध्न सक्ने बनाउँछन् । भिन्न रुचि, पारिवारिक पृष्ठभूमि र चाहना भएका विद्यार्थीलाई फरक फरक तरिकाबाट सबैले बुझ्ने गरी अध्यापन गराउन सक्नु शिक्षकको खुबी हो । विद्यार्थीमा साथी, अभिभावक, सहजकर्ता र संरक्षकको छाप छोड्न सक्नु उनको थप गुण हो । शिक्षण पेशा एउटा कला हो । जसरी एउटा कलाकारले पत्थर, माटो, मैन र धातुको प्रयोग गरी सुन्दर आकृति निर्माण गर्दछ त्यसरी नै शिक्षकले कोरा दिमाग लिएर कक्षामा प्रवेश गरेका विद्यार्थीको बौद्धिक संसारलाई कलात्मक तुल्याउन योगदान दिन्छन् । जोस, तदारुकता, नेतृत्वशक्ति, लचकता, प्रेमी, विनोदप्रिय, अध्ययनशील र जिम्मेवारले पूर्ण हुनु शिक्षकका गुण हुन् ।

सहयोग र अनुशासन शिक्षकमा नभइनहुने गुण हुन् । समयमा कटीबद्ध, सबैलाई सम्मान गर्ने र प्रशस्त उदाहरण दिएर सम्झाउन सक्ने शक्ति शिक्षकमा हुनुपर्छ र आफ्ना शिष्यको क्षमता पहिचान गरी उसलाई गन्तव्यसम्म पुग्नका लागि प्रेरणा दिनु शिक्षकको कर्तव्य हो । सँधै विश्व परिवेशमा घटेका घटनाप्रति सचेत रहने, आफूलाई अध्ययनले तिखार्ने र स्पष्ट रुपमा बोल्ने शिक्षकलाई विद्यार्थीले मन पराउँछन् । शिक्षकले पढाउन आरम्भ गर्नुपूर्व विद्यार्थीलाई तयारी अवस्थामा राख्नु एकदमै महत्त्वपूर्ण हुन्छ । यसरी उनीहरुलाई मानसिक रुपमा तयार गरी अभिनय र उदाहरण सहित आफूतर्फ आकर्षित गर्दै अध्यापन गराउन सकियो भने निश्चित रुपमा बुझाउन सकिन्छ र एउटा गुणवान शिक्षक बन्न सकिन्छ । यस्ता शिक्षकलाई नै विद्यार्थीले हृदयमा सजाएर राखेका हुन्छन् हो तिनै शिक्षक नै वास्तविक गुरू हुन् ।

# अनुशासन

**- रगिशा खड्का, ९ (क)**

अनुशासन मानिसको गहना हो । नियमहरूको पालना गर्नुलाई अनुशासन भनिन्छ। अनुशासन बिना मानिसको जीवन अँध्यारो हुन्छ। अनुशासनले मानिसको जीवनमा उज्यालो छर्दछ।

अनुशासन सबै ठाउँमा महत्वपूर्ण हुन्छ। अनुशासन मानिसको कहिल्यै नखोल्ने गहना झैँ हो। जसरी सूर्यले आफुनो प्रकाश सधैँ छरिरहेको हुन्छ। चन्द्रमाले आफ्नो प्रकाश छरेर राती उज्यालो बनाइरहेको हुन्छ। नदीहरू आफ्नो मार्गमा बगिरहेको हुन्छन्। त्यसरी नै मानिस पनि अनुशासनमा बस्नु पर्छ। यस पृथ्वीको हरेक प्राणी पनि अनुशासनमा नै बसेको हुन्छ। त्यसैले मानिस पनि अनुशासनमा बस्नै पर्छ।

हामी जुन ठाउँमा गए पनि अनुशासन महत्वपूर्ण हुन्छ। विद्यालय, बैंक, कार्यालय आदि सबै ठाउँमा अनुशासन महत्वपूर्ण नै हुन्छ। विद्यालयमा हामीले विद्यालयको नियममा बस्नुपर्ने हुन्छ। हामीले हल्ला गर्नुहुँदैन, अरुसँग झगडा गर्नुहुँदैन र फोहोर जहाँ पायो त्यही फाल्नु हुँदैन। हामीले अरुको आदर गर्नुपर्छ र मद्दत गर्नुपर्छ। हामीले हाम्रो समाजको नियमको पनि पालना गर्नुपर्छ। हामीलाई हाम्रो पुरै जीवनभरि अनुशासन महत्वपूर्ण हुन्छ।

जतिसुकै पढेको नै होस्, यदि त्यो मानिसमा अनुशासन छैन भने त्यो मानिस सफल बन्दैन। आफ्नो जिम्मेवारी पूरा गर्न पनि अनुशासन चाहिन्छ। अनुशासन बिना मानिस पखेटा बिनाको पन्छी झैँ हुन्छ।

मेरो उन्नतिको रहस्य एउटै सूत्रमा छ - हिम्मत नहार्नु । *-अल्बर्ट आइन्सटाइन*

# Chilling moment I experienced in SAMP

**Nischal Chhetri 12'A' Sci.**

Not a long ago, I was studying in grade 8th of SAMP and at that time hostel was compulsion for boys as it is in today's time since I'm a boy. I didn't have a lot of friends like I still do today and I was actually a total introvert boy then. Even in such criteria, there was still a person in touch to me, named Smarak. A lot of you might know him today as well. Even though I wasn't really close to him I used to speak to him sometimes and he used to crack jokes. This quality actually impressed me then.

A lot of newcomers in grade 11th and 12th might not know that up to grade 10th from 6th, there are not cabins like we own in grade 11 and 12. Instead, there is big dormitory for sleeping and separate dormitory for changing clothes (Changing room) with toilet and bathroom too. Since I had actually gone through it was actually exam times and some of my friends and me too used to stay late there when there was difficult subject exam the next day. The same circumstance was repeated in that day too and we were studying till 10 O' clock. All the hostelers could sleep at 10 O' clock and the light of the sleeping dormitory was turned off so me and Smarak planned to take the green mat, so called 'Mandi' in the changing room and were studying there. So that no one would get disturbed in the dormitory. It may be a coincidence but that day we were the only two persons studying till late.

After we took the

mandi to the changing room along with all the books and copies, we locked the door of the changing room so that cold wind won't blow in as it was time of winter. We had ensured that no one was there in changing room except us while locking the door. It seemed fine up to then but the climax started from there . We were now hearing a several faint knock on the door. My friend opened the door but there was no one to be found. We thought it was probably the wind that caused that to happen. After a moment we could hear the sound of slippery slippers in the toilet near the cupboards and this time this sound was actually a big one. We went there and checked but no one was possibly there as there was no one when we first locked the changing room.

My friend suggested something was strange but we decided to leave changing room after we finished studying. It was 12 o' clock when suddenly we heard a scream but it wasn't me and him, who did that? We quickly rushed towards the dormitory by opening the changing room's door. I still remember that I ran naked feet without slippers to the dormitory for I was really scared at that moment and my heart was beating really fast. So, the choice left was to run without slippers. Obviously, I could quickly reach to the bed and be at ease. I still remember how I went to changing room next day with naked feet to get my slippers. It's hilarious when I remember that moment in my present times and I'm sure that wasn't any type of hallucination!

-0-

# Facts

**Prabesh Khadka 6'D'**

1. An Ostrictis eye's is bigger than its brain.
2. Deer can jump up to 10ft high and are very good swimmers.
3. Horses can run within hours after birth
4. Rabbits are very social cretures that live in groups.
5. Canada is home to nearly 60% of the word's polar bears.
6. The national animal of Scotland is a unicorn.
7. The most-highlighted book on amazon is self help book.
8. Tom and Jerry were originally named as per and Jinx.
9. Black apples also known as black diamond apples.
10. The longest bicycle in the world over 735 feet long.

-0-

---

# A Fox and the Grapes

**Pramisha Hamal 6'E'**

Once upon a time, there was a fox. He was very hungry so he was searching for some food here and there. Finally, he came to a vineyard. He saw the bunches of grapes hanging down the vines. He dropped his saliva from his mouth. He was tempted by seeing the juicy grapes. He immediately jumped up in order to catch them but could not. He tried again and again to reach. Thus, despite his best efforts for plural times, he failed to reach the grapes. He was much disappointed at his faliures. At last, he consoled himself, 'The grapes are sour, I don't like them.' Saying this, the hungry and tired fox went away.

Moral: One should not be tempted by pretty things.

**Some are born great, some achieve greatness and some have greatness thrust upon them - Shakespeare**

# मेरो घर

**संविज्ञ सिंह ६'ख'**

मेरो घर सानो छ,
अग्लो हिमाल माथि छ,
राम्रो अनि सुन्दर छ,
मायालु मेरो घर छ ।

सानो घर छ,
ठूलो गाउँमा छ,
त्यो मेरो जग्गा हो (
त्यो मेरो घर हो ।

फूलको थुङ्गा छ,
मायाको गङ्गा छ,
सानु मेरो हात समात,
त्या माथि गुफा छ ।

मेरो घर धनगढी,
धेरै छ धान,
खान्छु म त रोटी
मेरो गाउँघर डोटी ।

मेरो घर छन्,
साना साना छन् ,
तर राम्रा छन्,
अनि सुन्दर छन् ।

सानो घर,
ठूला रहर,
जाम मेरो घर,
राम्रो काम गर ।

मेरो घर सानो छ
अग्लो हिमाल माथि छ,
राम्रो अनि सुन्दर छ,
मायालु मेरो घर छ ।

# मेरो देश

**उज्ज्वल कार्की, ८ 'ङ'**

चीन र भारतबीचको यो देश हिमाल,
पहाड, तराई मिली बनेको देश,
हरिया डाँडामा फुल्ने लालीगुराँसको देश
लेकबेँसीमा नाच्ने डाँफे चरीको देश ॥
प्रकृतिले भरिएको सुन्दर मेरो देश
जातजाति अनेक थरी आ-आफ्नो भाषा
सानादेखि ठूलासम्म मन मिल्ने खास
विकासको बाटोमा नेपाललाई चिनाउँछौ
विश्वको सामु लागेर नेपाललाई हिडाउँछौ
प्रकृतिका धनी छौ के कुरामा कम छौं
सगरमाथा देखाई नेपाललाई चिनाउँछौ ॥

मेरो उन्नतीको रहस्य एउटै सूत्रमा छ - हिम्मत नहार्नु । -अल्वर्ट आइन्सटाइन

# जीवन यात्रा

सविना के.सी., १२ 'ख' व्यवस्थापन

(मान्छेको जन्म र मरणको यात्रा
लामो छ, म भन्दिन)
जन्मको बारे सबैलाई थाहा हुन्छ
तर,
मरण कतिबेला, कसरी, कहाँ हुन्छ थाहा हुँदैन
यो थाहा छ की मान्छेको जीवन एउटा यात्रा
हो र मान्छे यात्री,

सधैँ आफ्नो गन्तव्यमा पुग्नका लागि
हिँडिरहेको यात्रीजस्तै
बिहान बिहान तीर्थ हिँडेको तीर्थयात्री जस्तै,
(तर यो थाहा छ की मान्छेको जीवन
एउटा यात्रा हो र मान्छे यात्री )२

जीवनका गतिशील पाइलामा
खुशी र हाँसो जति आउँछ
पीडा र दुःख पनि त्यति नै आउँछ
हरेकको चाहना सफल बन्नु छ यहाँ
जब सङ्घर्ष गर्ने पालो आउँछ
प्रयास गरे जस्तो गरेर पछि हट्ने छन् यहाँ
तर यो थाहा छ की मान्छेको जीवन एउटा
यात्रा हो र मान्छे यात्री

Blue eyes say, "Love me or I die"; black eyes say, "Love me or I kill thee." - Spanish proverb

सोच बदल, खुसी आफै मिल्छ, यहाँ
स्वभाव बदल, इज्जत आफै मिल्छ यहाँ
(कसैको पाउ पर्न जरुरी छैन यहाँ ) २
बाटो सही रोज गन्तव्य आफै मिल्छ, यहाँ

यात्राको क्रममा आउलान् अनकौँ कठिनाइ,
साथ दिँदै र लिँदै अगाडि बढ,
एकअर्कालाई सम्झाई बुझाई,

(दुई शब्द मिठो बोल, हुन्न र ?)२
आउँदा रित्तै जाँदा रित्तै रिस, डाहा, घृणा
गर्नु पर्ने के छ, हैन र ?
तर यो थाह छ की मान्छेको जीवन एउटा
यात्रा हो र मान्छे यात्री

मिहिनेतको फल अनि समस्याको समाधान
ढिलो भएपनि अवश्य पाइन्छ,
(विफलताको बेला नै सफलताको बिऊ
रोप्नेहरूको हार कहाँ हुन्छ यहाँ) २
हार नमानी सङ्घर्ष गर्दै जाँदा
जीवन रमणीय र सुन्दर हुन्छ यहाँ
किनकि मान्छेको जीवन एउटा यात्रा हो र
मान्छे यात्री

# हार नमान्नु

सुमी गुरुङ, १२ 'ख' व्यवस्थापन

आउलान् धेरै कठिनाइहरू
तर तिमी हार नमान्नू
आउलान् धेरै बाधाहरू
(तर तिमी हिम्मत नहार्नु) २

छोड्लान् सबले साथ तिम्रो
तर तिमी एक्लो नमान्नू
काट्लान् कुरा सबले तिम्रो
(तर तिमी कुरा नसुन्नू) २

(भन्लान् सबले नराम्रो तिमीलाई) २
तर तिमी आफूमा राम्रो हुनू
आउलान् जीवनमा धेरै मोडहरू
तर तिमी सोचेर पाइला चाल्नू

(कोही छैन मेरो भनी, तिमी कहिल्यै नसोच्नू) २
कहिल्यै कतै तिमी आफूलाई कमजोर नठान्नू
(साथीको लहैलहैमा लागि तिमी केही नराम्रो नगर्नू) २
आमाको माया सम्झी तिमी आफूलाई सम्झाउनू

जीवनको लक्ष्य के हो भनी सधैँ याद राख्नू
मेहेनत र सङघर्ष गर्न कहिल्यै नछोड्नू
आफ्नो लक्ष्य सम्झी तिमी सधै अघि बढ्नु
आफ्नो लक्ष्य सम्झी तिमी सधै अघि बढ्नु

# म को हुँ

**कृतिका के.सी., १२ 'ख' व्यवस्थापन**

आज कोही मेरो अगाडि उभिएर मलाई प्रश्न तेर्साउदै छ !
को हौ तिमी ?
आखिर को हुँ, म ?
म अमूल्य नारी हुँ !
म सोच्दै मात्र के थिएँ
उता बजारमा मेरो भाऊ घटिसकेछ
आखिर को हुँ त, म ?
म को हुँ ?
मेरो शब्दकोशमा 'म' सर्वनाम नै रहेन छ ।
"म कहाँबाट आँए, केका लागि आएँ"? कस्का लागि आएँ ?"
त्यो सोधेनौ तिमीले ?
म भन्थे, होला म मेरो लागि आएँ
यहाँ त मेरो छातीको उचाइले बोल्दो रहेछ
मेरो रङ्गको उज्यालोले बोल्दो रहेछ
मेरो कम्मरको कोमलताले बोल्दो रहेछ
तापनि लाग्छ म पक्कै खास त हुनुपर्छ
मेरो कदले समाजको सम्पदा बोकी हिँड्ने रहेछ
म पक्कै खास त हुनुपर्छ !
मेरो शरीरमा दुनियाको ध्यान अड्किएको रहेछ
म पक्कै खास त हुनुपर्छ !
म सम्झँदै मात्र के थिएँ
उता बजारमा मेरो भाऊ घटिसकेछ !

जुन व्यक्ति निर्णय लिन सक्छ, उसका लागि कुनै पनि कुरा असम्भव छैन । – इमरसन

# Artificial Human Organ and its Future

**Aakash Baral 12'A' Science**

Organs are the part of our body that perform vital function and create cause to our body.

As, organ failure is one of the leading cause around the world. Around 20 peoples die everyday because they don't receive a donor organ in time. So, engineered 3d organ could shorten the transplant waitlist drastically as well as decrease the death numbers who die everyday due to lack of matching donor organ. About 90,000 deaths per year could be prevented by using engineered artificial organs for transplants. According to US National of medicines, National institutions of Health, an artificial organ is an engineered device that can be implanted or integrated into human body to replace a natural organ and duplicate or augment specific functions so the patient may return to normal life as soon as possible.

Now, the question is, how artificial organs are created? The process to artificial organs requires the use of updated and modern technology such as 3d printers which use living cells and biomaterial to produce working bio-artificial organs. The process of manufacture of artificial organs includes 4 steps:- 1) Pre-Design 2) Material and construction tool preparation 3) Cell integration 4) Post multi-Tissue maturation.

The market for artificial organs is projected to grow by about 11 billion US $ within a few years. It is also predicted that by year 2025, artificial kidneys will lead the future of artificial organ as the need for donor kidneys is increasing day by day.

In the US artificial kidneys may project a demand of about 14.6 billion US $ by year 2025. By monitoring the expected bright future of 3d printed organs, several countries & companies around the world look to invest in this quickly developing science of engineering organs for transplant use.

-0-

I cannot live without books . - *Thomas Jefferson*

# मेरो विद्यालय

- कार्यालय सहयोगी सावित्री भण्डारी

बाबा-आमाको काख छोडी होस्टेलमा आयौँ ।
गुरु-वर्गहरुबाट राम्रो शिक्षा पायौँ ॥

शिक्षाको ज्योती बाली अघि बढ्नु पर्छ ।
उठ-उठ साथी हो अब पढनु पर्छ ॥

आकाशको तारा जस्तै चम्की रहनु पर्छ ।
भविष्यका गन्तव्यमा लम्की रहनु पर्छ ॥

तिमी कहाँको म कहाँको मिली जुली पढौँ ।
हाते मालो गर्दै साथी हामी अघि बढौँ ॥

भिन्ना-भिन्नै नाम हाम्रो भिन्ना भिन्नै थर ।
सैनिक आवासीय नै हाम्रो प्यारो घर ॥

थरी-थरी खेलाडीको थरी-थरी खेल ।
थरी-थरी मान्छे हामी राम्रो छ मेल ॥

खाली पाना कापिका हामी अक्षर भरौँ ।
सैनिक आवासीयलाई सधैँ माया गरौँ ॥

शिक्षा नै हो साथी हाम्रो भविष्यको दियो ।
त्यहि दियोले हामीलाई बाटो देखाई दियो ॥

# TESLA

**Manoj Devkota 12'B' Sci**

Tesla was founded in 2003 by two American engineers Martin Eberhard and Mark Tarpening in San Carlos, California. The company was originally called 'Tesla Motors'. Later, its name changed to 'Tesla' in 2017. The name of the company was inspired by the 19th century intentor Nikola Tesla. The two founder started to company following general motors recall of all it ev1 electric cars as a massive opportunity to create a new market. A market that would break the traditional belief that high performance led to lower fuel economy in automobiles.

In 2004, founders went looking for venture capital and connect with none other than Elon Musk. He was quickly sold on their vision and contributed over 30 million dollar in start up capital and served. Ava had was named as the official CEO of the company. Mark Tarpening, lan weright, Elon Muxk and JB Starwbell were all considered part of the original co-founder of Tesla. Their vision was to create an entirely electric sports vehicle and also be a technology centric company focusing on constantly evolving its battery proprietary motor and its computer software following the formation of the company.

Elon Musk took an active role within the organization. He oversaw majority of the design and engineering aspects of their first model 'The Roadstar (2006-2008). It achieved 245 mile (394km) on a single charge. The vehicles electric motor was powered by lithium-ion cells that could be recharged from a standard electrical outlet. Despite a federal tax credit of $7,500 for purchasing an electric vehicle, the Roadster's cost of $109,000 made it a luxury item.

Tesla had achieved something no manufacturer had previously been able to do. They had successfully

engineered and produced an entirely electric vehicle that could be used by modern consumers, a feat that previous car manufacturer failed to accomplish due to complexities involved in creating a powerful enough battery, a cost effective motor that could sustain highway level speed and have reasonable lasting travel range.

Tesla also immediately ran into the problem of charging time the First generation. Roadster took anywhere 24 to 48 hours to recharge on a standard household outlet.

In late 2007, Eberhard resigned as CEO and president of technology and joined the advisory board of the company. It was announced in 2003 that he had left the company, though he remained as a shareholder. Tarpenning, who was the vice-president also left the company in 2008. Musk took over as CEO. In 2010 Tesla's initial public offering raised $226 million.

In 2012, Tesla introduced new models, which was acclaimed by automotive critics for its performance and design. It had its battery underneath the floor which gave extra storage in back and improved handling because of its low center of gravity.

Because of demand for a more in expensive vehicle, the Model 3, a four-door sedan with a range up to 568 km and price of $35,000 began production in 2017. The Model 3 became Tesla's best-selling model and the best selling electric car of all time.

Tesla released another cross over, the Model Y in 2020. The Model Y shared many of the same part with the Model 3 but is was smaller and less expensive.

Tesla announced several models to be released early in the 2020, including a second version of the Roadster, a semi-trailer truck and a pickup truck, the cyber truck which had a bory angular design design that excited controversy when it was first unveiled.

*Source: Internet*

"सफलताको सम्बन्ध कामसित हुन्छ । सफल मानिस सधैं नै गतिशील हुन्छन् ।
उनीहरुले गल्तीहरु गर्छन् तर मैदान छोड्दैनन् ।" - कोनरैड हिल्टन

# वर्षा ऋतु

**दिप्ती ओझा ९ 'ग'**

आकाश गड्गडाएर
जब बर्षन्छ झरझर ।
म किसान हलो बोकी
निस्किन्छु अनि बाहिर ॥
-दैवशराज न्यौपाने

वर्षभरिको समयलाई मौसम फेरिने आधारमा ६ भागमा बाँडिएको छ । यी प्रत्येक भागलाई ऋतु भनिन्छ । दुई-दुई महिनाको एक ऋतु हुन्छ । ती ऋतुहरू बसन्त (चैत-बैशाख), ग्रीष्म (जेठ-असार), वर्षा (साउन-भदौ), शरद (असोज-कार्तिक), हेमन्त (मङ्सिर-पुस) र शिशिर (माघ-फागुन) हुन् । यस अनुसार साउन र भदौ महिनाको अवधिलाई वर्षा ऋतु भनिन्छ ।

नेपालमा मुख्य गरी दुई याम छन् हिउँद र वर्खा । माघ शुक्ल पञ्चमीदेखि श्रावण शुक्ल पञ्चमीसम्मको अवधिलाई बर्षायाम भनिन्छ । बर्षायाम सकिएपछि हिउँद लाग्छ । यस किसिमले चाहिँ नेपालमा वर्षा ऋतु निकै समय रहन्छ । पृथ्वीका खाल्डाखुल्डी, पोखरी, ताल, समुन्द्र आदिको पानी यस ऋतुको चर्को गर्मीले बाफ भएर उड्छ । त्यही पानी हावाले ठक्कर खाँदै जाँदा पृथ्वीमा बर्सन्छ । नेपालमा बङ्गालको खाडीबाट बहेर आएको बर्खे हुरी अग्ला-अग्ला पहाडमा ठक्कर खाँदा पानीको बाफ चिसिई वर्षा हुन्छ ।

वर्षा ऋतुमा कालो मुस्लो बादलले आकाश नै ढाक्छ । सूर्य धेरै दिनको लागि बादलको पछाडि लुक्छ र खोला नालामा पानी बढेर बाढी आउने र पहाडहरूमा पहिरो जाने गर्छ । यसका कारण मानिस बिच बाटोमा नै अड्किने गर्छन् । बिजुली चम्कन्छ र हुरी-बतास चल्छ । यी वर्षा ऋतुका लक्षणहरू हुन ।

वर्षा ऋतुमा बेसरी पानी परेपछि गर्मी हटेर अलि शीतल हुन्छ । गृष्म ऋतुमा उडेको धुलो पानीले पखालिन्छ र जमिनको फोहोरमैला पनि हट्छ । यस बेला रुख बिरुवा भाँचिन्छन, वन जङ्गल हरियो हुन्छ । चराचुरुङ्गीहरूको

चिरबिराहटले गर्दा प्रकृति पनि सङ्गीतमय हुन्छ । यसैले वर्षा ऋतु प्राकृतिक सौन्दर्य भरिदैँ जाने समय हो ।

नेपाल एक कृषि प्रधान देश हो। कृषिकार्यका लागि वर्षाको ठूलो महत्व छ। वर्षा भएन भने बालीनाली राम्रो हुँदैन। देशमा भोकमरी जस्तो समस्या आउँदछ। किसानहरू पनि बेरोजगार हुन्छन्। देशमा आर्थिक अवस्थाको पनि समस्या हुन्छ। मानिसको आँखामा दुःख र पिडाको आँसु आउनेछ। यसरी वर्षाले विभिन्न क्षेत्रमा कृषिवर्गका साथै समाजका अन्य वर्गलाई समेत ठुलो असर पार्छ। यसबाट हामीले वर्षा ऋतुको महत्व बुझ्न सक्छौं ।

जसरी हामी सबैलाई थाहा नै छ कि हरेक कुरामा सकारात्मक प्रभावका साथ साथै नकारात्मक प्रभाव पनि छ। धेरै पानी नियमित पर्ने कारणले खोलानाला बढ्ने गर्छ र मानिसको आवागमनमा निकै बाधा पार्छ। कति ठाउँमा यात्रीहरू अलपत्र पर्छन्। तिनीहरू बीच बाटामै बास बस्नुपर्ने हुन्छ। बाटाघाटामा जताततै हिलो, चिप्लो हुने हुँदा मानिसहरूलाई दैनिक काममा पनि असजिलो हुन्छ। बाढी, अतिवृष्टि, हुरी बतास, असिना आदिले गर्दा अन्नबालीलाई पनि निकै नोक्सान पार्छ। गरिबहरूको घर खरले छाएको हुन्छ। पानी दर्किएको बेला घरको छानोमा प्वाँल पारेर घर चिसो हुन्छ। कहिलेकाही त उनीहरूको घर नै बाढीले बगाएर लान्छ र घरबिहिन हुन्छन्। वर्षा ऋतुको गर्मीले गर्दा मानिसहरूलाई हैजा, दादुरा जस्ता रोग लाग्न सक्छ र मृत्यु समेत पनि हुन सक्छ ।

वर्षा ऋतु सङ्घर्षको समय पनि हो र आनन्दको समय पनि हो। यस ऋतुबाट मानिसलाई केही दुःख भए पनि लाभ नै बेसी भएको छ। वर्षाद्वारा नै प्रकृतिमा नयाँ जीवन थपिन्छ। वर्षा ऋतुले नै सृष्टिलाई नयाँ रुप दिएर सुन्दर र शोभित तुल्याउँछ। हाम्रो जस्तो कृषि प्रधान देशका लागि त झन् वर्षा ऋतु अति नै आवश्यक छ। यी धेरै कारणले ऋतुहरूमा वर्षा ऋतुको विशेष महत्व रहेको छ।

जुन अगाडि छ, त्यही नै सत्य हो, यसबाहेक सबै सम्भावना मात्र हुन् । *-ओसो*

# मेरो गाउँ

- क्रिष्टिना थापा, ७ (घ)

मेरो गाउँको नाम पाणिनी हो, यो गाउँ अर्घाखाँचीमा पर्छ। मेरो गाउँमा विभिन्न किसिमका तरकारीहरू पाइन्छन्। मेरो गाउँसम्म मोटर जाँदैन। मेरो गाउँको पँधेरा भन्ने ठाउँसम्म मोटरमा जान मिल्छ। पाणिनी जाँदा पँधेराबाट आधा घण्टा लाग्छ। यहाँ धेरै जङ्गल छ, जङ्गलमा धेरै किसिमका खानेकुरा पाइन्छन्। मेरो गाउँमा विभिन्न जातका मानिसहरू बस्छन् जस्तै : दमै, कामी, मगर आदि। मेरो गाउँमा बाजे, बज्यैहरू धेरै वर्षसम्म बाच्नुभएको छ। यहाँको हावापानी धेरै राम्रो छ। मेरो गाउँमा सबै घरतिर पानीको पाइप छ। पाइपको पानी एकदमै सफा हुन्छ। मरो बाबाको माइजु र दाइ हुनुहुन्छ। मलाई मेरो गाउँ जान धेरै मन लाग्छ। मेरो गाउँघरतिर सबै घर रातो माटोले लिपेको छ, घरको माथि छाप्रो पनि छ। सहरका जस्तै घरहरू हुँदैनन्। तर, मलाई शहरभन्दा गाउँ मन पर्छ। यहाँ सहरमा जस्तै छिटो सामान पाइदैन। सामान किन्न हामी धेरै हिँड्न पर्छ। विद्यालय जानको लागि पनि दुई तीन घण्टाको बाटो हिड्नुपर्छ। सहरको जस्तै बस पनि हुँदैन। क्याम्पस पनि यहाँ छैन, क्याम्पस पढ्न हामी सहर जानुपर्छ। अस्पताल जाँदा पनि हिँडेर जानुपर्छ। मेरो गाउँको मान्छेहरू धेरैजसो अनपढ छन्। मानिसहरू सबै मिलेर बस्छन्। यहाँ फलफूलहरू पनि पाइन्छ। सबैको खेतमा तरकारीहरू छन्। गाउँमा भैँसी, बाख्रा आदिहरू पनि पाल्छन्। मेरो गाउँका मानिसहरू हृष्टपुष्ट छन्। पहिले तल्लो जातका मानिसलाई छुदैनथे, तर अहिले सबै मिलेर बस्छन्। गाउँका मान्छेहरू गाउँले खानेकुरा खाएर धेरै बाँच्छन्।

-०-

# The Vehicle: I was told about

**Sushant Kunwar 10'C'**

I've seen the hot, get cold the fire,
that burned the one, that I so admire,
a vehicle, I would say
where she was lagged
Then again, I was the one who lit the fire

A white, a thin cloth, she was wrapped around
Then she slept, in the vehicle I told about,
A quick-devastating look
I book
Then, with the vehicle, I had a certain doubt.

Running on the road, was the vehicle I thought
But a dark truth, that it had brought
That the one lag
In that tray
Would go a place high sky up

They told me wrong, I thought as I saw
The ashes of the vehicle, with the wind as they crawl,
I couldn't recognize
The tears in my eyes
When I fall on the ground, with the break of the dawn.

"Hush Little one, there is a way"
I looked up: the white and gray
Like an angel
She was there
"Thee shall throw your tears away"
"I can't do this, without you here
There isn't way, through which I get near."
Then she had a smile
With a water in her eye
"A way for thee, will always be there , son."

# Failures are the Pillars of Success

**Sagun Thapa, 9'D'**

This is a popular saying in English. The proverb means that failures are not a blot but they lead us to success. They often prove the stepping stones to success. Failures ultimately get success, After one fails to achieve the goal, he/she tries to find out weaknesses and diagnose the reason behind. Failures make a man competent and perhaps a wiser. He comes to know the difficulties and so he applies a cautious approach and tries to overcome the weaknesses. The story of Robert Braves is a good example to prove this truth. He failed many times but he did not give us his efforts. He again attempted and ultimately he successed. Failures make a man rich in experience.

It is said that the pleasures of success after experiencing failure is far better and richer than getting success after success. We also have read that great people who obtained success as a result of continued efforts after the failure of many times. Thus, we should take failure as pillars of success.

# Happiness

**Pranita Majhi, 9'D'**

Happiness is the strong emotion which
Comes from the soul
Which cannot be stolen
It feels like a moment of surprise
Comes as long as a mile

Happy moments are treasured in our hearts
The world will see the beautiful emotion of art.

It lightens our body with a hine
In our memories this happiness is kept in a line

Examine the opportunities, the challenges you have given yourself . - *Michael Johnson*

# About Solar System

**Abhishek Kunwar, 10'B'**

- The sun is over 3,00,000 times larger than earth
- Halley's Comet was last seen in the inner solar system in 1986, it will be visible again from earth sometime in 2061.
- Venus is the hottest planet in our solar system with a surface temperature of over 450 degrees Celsius.
- Many scientists believe that an asteroid impact caused the extinction of the dinosaurs around 65 million years ago.
- Saturn isn't the only ringed planet, other gas giants such as Jupiter, Uranus & Neptune also have rings, they are just less obvious.
- Because of lower gravity, a person who weights 200 pounds on earth would only weight 76 pounds on the surface of Mars.
- The only planet that rotates backwards relative to the others is Venus.
- Some of the fastest meteoroids can travel through the solar system at a speed of around 42 kilometers per second (26 miles per second).
- The first man made object sent into space was in 1957 when the Russian satellite name sputnik was launched.
- Jupiter's 4 biggest moons are named Europa, Ganymede, Callisto and 10.
- Foot prints and tier tracks left behind by astronauts on the moon will stay there forever as there is no wind to blow them away.

# अनुशासन

**रजिता श्रेष्ठ ९ 'ग'**

कुनै स्वास नियम र मर्यादा अनुसार चल्नुलाई अनुशासन भनिन्छ। अनुशासन भन्नाले सामाजिक नैतिक, धार्मिक आदि समाज उपयोगी नियमको मर्यादामा रहने काम भन्ने बुझिन्छ। अनुशासन मानव जीवनमा अपरिहार्य गुण हो। अनुशासित व्यक्तिलाई सबैले मन पराउँछन् र त्यसको जीवन पनि सुखी हुन्छ।

अनुशासन भनेको नियमको पालना गर्नु हो। प्रकृतिले पनि आफ्नो नियमको पालना गरिरहेको हुन्छ। पृथ्वीले सूर्यको परिक्रमा गरिरहेको हुन्छ। यसै आधारमा दिन र रातको प्रक्रिया चालु भइरहन्छ। जाडो र गर्मीको मौसम पनि नियमअनुसार नै आउँछन जान्छन्। प्रकृति जस्तै मानव समाज पनि अनुशासन बिना चल्न सक्दैन। मानिसमा बुद्धि र विवेक हुन्छ। ऊ आफ्नो भलो, कुभलो आँफैं सोच्न सक्छ। त्यसैले पनि मानिस अनुशासन प्रेमी हुनुपर्छ र हरेक अवस्थामा अनुशासनको पालना गर्नुपर्छ।

अनुशासनले मानिसलाई समाजको महत्वपूर्ण व्यक्ति बनाउँछ। विश्वको इतिहासमा हेर्दा तिनै व्यक्ति ठुला भएका छन्। जो अनुशासित थिए। अनुशासन मानिसका लागि अतिनै आवश्यक छ। त्यसैले पनि मानिसले अनुशासन प्रेमी हुनुपर्छ र हरेक अवस्थामा अनुशासनको पालना गर्नु आवश्यक छ। अनुशासनकै कारणले सम्पूर्ण मानव समाज मेलमिलापसँग रहन्छ। वास्तवमा सफलताको सिँढी उक्लँदै जानका निम्ति मानिसलाई जीवनका कुनै पनि क्षणमा अनुशासनको ठूलो महत्व छ। अनुशासनले मानिसलाई समाजको महत्वपूर्ण व्यक्ति बनाउँछ। विद्यार्थी जीवनमा अनुशासनको ज्यादै महत्व हुन्छ। अनुशासित विद्यार्थीलाई पढाएमा उल्लेखनीय सफलता हाँसिल गर्न सकिन्छ भने अनुशासनहिन

विद्यार्थीको पढाई राम्रो हुन सक्दैन ।

अनुशासन नभए नियमको पालना हुँदैन । अनुशासनले मानिसलाई सिकाउँछ पनि र सघाउँछ पनि । नागरिक जीवनमा प्रत्येक व्यक्तिले आफ्ना सामाजिक सांस्कृतिक र आर्थिक हक अधिकारलाई चिन्दै समाज र राष्ट्रप्रतिको कर्तव्यलाई सचेत राख्न अनुशासनकै पाठ पढ्नुपर्छ । अनुशासनले मानिसलाई शिष्ट, सभ्य र सुसंस्कृत बनाउँछ ।

